# समकालीन भारतीय नेपाली कविताको कथन वैशिष्ट्य

– डा रेमिका थापा

**सार** – समकालीन नेपाली कविता आफ्नो विशेष किसिमको अभिव्यक्ति कौशल विकास गर्न सक्षम छ। कविता कथनको यस प्रवृत्तिले नेपाली कविताको विशेष स्वरूप निर्माण भएको छ। यस कौशलकै कारण समकालीन भारतीय नेपाली कविताको विशिष्ट धार स्थापित भएको कुरो विद्वान्हरूले चर्चामा उठाएको विषय हो। भारतमा लेखिएका समकालीन नेपाली कविताको कथनका विविध विशेषताहरूलाई अध्ययन गर्ने उद्देश्य यस कार्यपत्रको छ। यी विशेषताहरूलाई स्पष्ट गर्नका निम्ति केही कविताका पङ्क्तिहरू उदाहरण स्वरूप दिइएका छन् जसले यस किसिमका सबै कवितालाई प्रतिनिधित्व गर्छ भन्ने विचार राखिएको छ।

**बीज शब्द** – समकालीन, समकालीनता, लोकमुखी कथन, कुरूप सौन्दर्यबोध, अतिप्रयोग, समावेशीपन।

## १. विषय प्रवेश

समकालीनता एउटा विशेष काल खण्डको नाम मात्र होइन तर त्यस काल भोगको चेतना विशेष हो यसकारण यो नितान्त कालगणितसँग मात्र सम्बन्धित नभएर त्यस काल भोगको चेतना विशेष पनि हो। समकालीनताको अर्थ एउटा विशेष काल खण्डमा बाँचिरहेका दुईजना व्यक्ति भन्दा मात्र पर्याप्त बुझिँदैन। लेखनका सन्दर्भमा समकालीनता जीवनबोधका आधारमा समानधर्मी रचनाकारहरूको रचना

प्रवृत्ति हो। घनश्याम नेपाल 'सन् १९७५ देखि नेपाल र भारतमा आएको राजनैतिक, सामाजिक, साँस्कृतिक परिवर्तनहरूले एउटा उत्तर परिवेश निर्माण गरेको र प्रयोगहरू थोर हुँदै उत्तरप्रयोगकाल सुरु भएको' कुरो मान्छन्।[१] यसैलाई उत्तरआधुनिकता, समसामयिकता अथवा समकालीनता भनिएको छ। धेरै विद्वान्हरू भारतमा लेखिने नेपाली साहित्यमा सन् १९९० पछि नै समकालीन प्रवृत्ति सुरु भएको हो भन्ने विचार राख्छन् किनभने यसै समयदेखि विविध समकालीन चिन्तन व्यापक रूपमा नेपाली भाषामा प्रवेश भएका हुन्। मोहनराज शर्माले 'वर्तमानसित दुई दशकको सम्बद्धतालाई' समकालीन भनेका छन्।[२] मनप्रसाद सुब्बा 'वर्तमानसित सङ्लग्न तीन दशकको अन्तराललाई समकालीन मान्न सकिन्छ' भन्ने विचार राख्छन्।[३] यस लेखमा अस्सीको दशकपछिका कवि र कविताबारे चर्चा गरिएको छ।

समकालीनता कालका निम्ति मात्र नभएर साहित्यिक प्रवृत्तिका निम्ति प्रयुक्त हुन्छ। यो प्रवृत्ति बहुआयामिक छ अथवा भाव र भाषा दुवैमा छ। अझ बरु समकालीन लेखन प्रक्रिया यसको विशेष किसिमको भाषिक कौशलमा छ। कवितामा के भनिएको छ भन्दा कसरी भनिएको छ भन्ने प्रश्न महत्त्वपूर्ण छ किनभने कविता कला हो र कलामा सिप कौशल र शिल्प प्रथम महत्त्वको तत्त्व हुन्छ। कलाको समकालीन स्वरूप निर्धारणमा यसको अभिव्यक्ति कौशल प्रमुख आधार भएको देखिन्छ। मानिसको सभ्यता नै हजारौँ वर्ष पुरानो छ, कला साहित्यले टिप्ने विषय पनि मानिसकै सभ्यताबाट हो। कुमार प्रधानले भनेजस्तै 'प्रेम मानिसजतिकै पुरानो भावना हो, प्रत्येक युगमा प्रेमबारे साहित्य रचिएका छन् तर प्रेम कहिल्यै पुरानो भएको छैन, हुँदैन। कथ्यलाई नयाँ र पुरानो बनाउने चाबी चाँहिँ कथन नै हो।'[४] हो, काल कालमा आएका परिवर्तन र ऐतिहासिक घटनाक्रमहरूले साहित्यलाई नयाँ विषयवस्तुहरू भने दिएकै हुन्छ भने तिनका तीव्रताले सम्बन्धित कालको लेखनलाई दह्रो कम्पन दिइराख्नु स्वाभाविक हो। समकालीन कविताले समकालीन हुने सर्त यसको अभिव्यक्ति सिप नै हो अथवा समकालीन कविता बन्नका लागि आज लेखिने साहित्यको कथनमा समकालीन विशेषता हुनु अनिवार्य मानिएको छ। समकालीन नेपाली कविता विविध विषयी छन्, ती विषयका विवेचन जति महत्त्वपूर्ण छ तिनले अँगालेका कथनका विविध परिपाटी पनि उत्तिकै विवेचनीय विषय छ। कविता भाषिक, भाषाइतर तथा भाषातीत विचलन हो अझै ध्वनिहरूको विचलन हो। युग युगमा लेखनका विविध परिपाटी बनिए र यस्ता भाषिक संयोजनद्वारा कविताका विविध सौन्दर्य र स्वरूप बनियो। यस्ता स्वरूपले विविध रस र

१ घनश्याम नेपाल, सन् २००५, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगडी, एकता बुक्स, पृ ११०

२ मोहनराज शर्मा, सन् १९९८, **समकालीन समालोचना र प्रयोग**, काठमाडौँ, अक्सफोर्ड इन्टरन्यासनल पब्लिकेसन, पृष्ठ १०

३ मोहन ठकुरी (सम्पा), सन् २०११, **आरोहण**, कालेबुङ, उपमा प्रकाशन, पृ ३५

४ कुमार प्रधान, सन् २००५, **अधिती केही**, नाम्ची, सिक्किम, निर्माण प्रकाशन, पृ २५

रङ्लाई पोषण गऱ्यो र वैचित्र्यमय काव्यसुख लोकलाई प्रदान गऱ्यो। साहित्यमा भाषा प्रयोगको गतिशीलताबारे कुमार प्रधान भन्छन्– 'साहित्य रच्ने भाषाको रूपले केही समयको अनवरत व्यवहारमा आफ्ना सम्भावनाहरू हराउँछ। प्रत्येक युगको काव्यबोधलाई बुझ्न कविको भाषा प्रयोग महत्त्वपूर्ण कसी हो। अझ आधुनिक कविता उपभोग गर्न काव्य भाषा अथवा पोयटिक डिक्सन एउटै विश्वस्त माध्यम रहेको मानिन्छ। तर यो काव्य भाषाको विश्लेषण मनोवैज्ञानिक र सौन्दर्य तत्त्वात्मक हुन आवश्यक छ केवल व्याकरणिक र भाषा तात्त्विक होइन।'[५]

भारतमा लेखिएका समकालीन कविताको कथन परिपाटीका केही प्रमुख बुँदा यस प्रकार टिप्न सकिन्छ –

### क. सरल अथवा चलन चल्तीको भाषा प्रयोग

भाषिक विशिष्टता आधुनिकतावादी लेखनको प्रमुख वैशिष्ट्य थियो तर भाषामा जनमुखी स्वभाव समकालीन लेखनको पहिलो गुण भएको देखिन्छ। ठुला ठुला भव्य, कठिन, दुरूह, शब्द र आलङ्कारिक भाषा प्रयोगको मोह समकालीन कवितामा प्रायः अन्त भएको छ। समकालीन कविताको आश्चर्यलाग्दो मेधा भनेको चलन चल्तीको भाषामा उत्तम कविता भन्न सक्नु हो। अत्यन्त सरल, सहज, अनौपचारिक, स्वाभाविक अभिव्यक्ति भाषाको अन्तर्तहमा उत्कृष्ट कवित्व स्थापित गर्न सक्नु समकालीन लेखनको उपलब्धि मानिएको छ। सजिला भाषामा गम्भीर कुरा भन्न सक्नु, सरल पारामा कविताको गुढत्व प्रस्तुत गर्न सक्नु आफैमा जोखिम र चुनौतीपूर्ण छ। समकालीन कविताले आफ्नो कथनको भाषा सडक, भिड, जमात अथवा लोकबाट टिपेको छ। कवितामा शब्दहरूको मौलिकता र धरातलीय सौन्दर्यको आग्रहबारे कवि राजेन्द्र भण्डारी कवितामै लेख्छन्–

काँचै आउन् शब्दहरू मकहाँ
अम्बक ऐँसेलु ज्यामिर शब्दहरू अमिलै टर्रै आउन्।
बिम्ब उठोस् कञ्चनजङ्घा धरतीको निधारमा
निपट नाङ्गा जङ्गली शब्दमृग उफ्रिहिँडुन्
सेता कागजभरी।[६]

अब शब्दहरू कवितामा एकलकाँटे तानाशाह छैनन् बरु लोककै अभिन्न हिस्सा छन्, यस्ता

५ कुमार प्रधान, सन् २००५, **अधिती केही**, पूर्ववत् , पृ ३६
६ राजेन्द्र भण्डारी, सन् २०१५, **शब्दहरूको पुनर्वास**, सिक्किम, भीम ढुङ्गेल, पृ ७८

शब्दहरूले आत्मीय लयमा पाठकहरूलाई आफुसँग बाँध्ने काम गरेको छ अनि यस्ता अभिव्यक्ति भाषाले कविता सम्प्रेषणको दह्रो र मौलिक माध्यम तयार गरेको छ। यस्ता भाषाको माध्यम कविताले लेखनमा लोकलाई समावेश गर्ने र सम्बोधन गर्ने क्षमता विकास गरेको छ। समकालीन कविताको कथन परिपाटी उदार र बहुसमावेशी छ अर्थात् वैकल्पिक छ। कथनका कौशलले पनि समकालीन कवितालाई पाठककेन्द्री बनाएको छ। समकालीन कवितालाई पाठकहरू आफ्नो आफ्नै बौद्धिक मेधा र रुचिका आधारमा ग्रहण गर्न सक्छन्। समकालीन कविताको प्रभाव निर्दिष्ट र अन्तिम छैन बरु यो विविध र सापेक्षित हुनाका कारण यसको कथन कौशल नै हो। सरल भाषामा गहिरो पीडाको आनन्द दिने कौशल नोर्ज्याङ स्याङदेनको 'घायल फुल झरेका पत्र' कवितामा यस्तो छ–

हामी बैसाखीबिना हिड्दैनौँ/ बैसाखी हामीबिना हिँड्दैन
यसैले हाम्रो रङ् हुँदैन/ हामी अँगालोबिनाको हात बढाउँछौँ
तर बिना हातको अँगालो अँगालो हुँदैन।[७]

त्यसरी नै सजिला कथनमा जीवन दर्शनको गुढ सौन्दर्य बोध गर्ने मिहिन सिप मनप्रसाद सुब्बाको 'फलेदोको रुख जब फुल्छ' कवितामा यस्तो छ–

त्यसपछि/ आफ्ना पातहरू एक एक गर्दै झारेर
नितान्त निर्वस्त्र हुन्छ/निश्चल, निर्भीक, नाङ्गो ! (यस्तरी सबको सामु नाङ्गो
उभिन सक्नु सायद सबभन्दा कठिन काम हो)
दीर्घ निष्काम तपस्यापछि/सिद्धार्थले बुद्धत्व प्राप्त गरेजस्तै
फलेदोको रुखले त्यो नग्नता प्राप्त गर्छ
अनि त कसैले थाहै नपाई त्यसको हाँगा बिँगाको टुप्पा टुप्पामा
फुटिनिस्कन्छ नग्नताको त्यो चरम रूप
यौटा यौटा मुटुजस्तै राता राता फुल!! आह!![८]

कवितामा प्रकृतिको सुन्दरता र सुखबोधलाई लेख्ने पनि उही आत्मीय ढङ्ग छ। अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि सम्प्रेषणको तीव्रताकै निम्ति गरिएको भन्ने बुझिन्छ, सुरेन्द्र थिङ मङ्सिर

७ नोर्ज्याङ स्याङ्देन, सन् १९८३, **मूर्च्छना**, दार्जिलिङ, साझा प्रकाशन, पृ ४९
८ मनप्रसाद सुब्बा, सन् २००१, **ऋतु क्यान्भसमा रेखाहरू**, दार्जिलिङ, श्याम प्रकाशन, पृ ९७

कवितामा लेख्छन्–

सुन फुलेको खेतबारी, सौन्दर्यको अनुपम ल्यान्डस्केप
इजलमा क्यान्भस टाँगेर उतार्दा उतार्दै
मङ्सिरको घाम कति छिटो सर्छ
सुख कति अस्थायी छ मङ्सिरको घामजस्तै...[९]

समकालीन नेपाली कवितामा कथनका यस्ता सरल हरफहरूको सजावट पनि गहिरो विवेचनको विषय छ। यस्ता गद्य हरफहरू र शब्दलाई विविध टुक्राहरूमा भाँच्नु र खाली ठाँउहरू सृष्टि गर्नाका औचित्य र अर्थ पनि कविता सम्प्रेषणका प्रक्रियाभित्र पर्ने कुरा मान्न सकिन्छ। यस्ता कथनले कवितालाई हेर्न सकिने दृश्य सौन्दर्य बनाउँछ। जस्तै मनप्रसाद सुब्बाको 'जसलाई देखेर तर' कविता यस्तो छ–

राक्षस नै पनि कहाँ हो र
जससित जुझ्न परोस् आँट र अस्मिताको खुकुरीले
खडा छ त्यो त एउटा बृहत् विरुपाक्ष
बुँ
ख्या
चा[१०]

यस्ता अभिव्यक्तिमा शब्द मात्र होइन शब्दहरूले निर्माण गरेको नक्सा, लय र ध्वनि सबै कथनकै कौशलमा पर्ने कुरा हुन्। यस किसिमले कथकका मनोविज्ञानको गहिराइलाई व्यक्त गर्ने चित्रमय भाषा वासुदेव पुलामीको 'शब्द विराम' नामक  कवितामा पनि हेर्न सकिन्छ–

तिम्रो
सम्पूर्णताको मुलुकदेखि
धेरै होंचो छु।
तल छु।
शब्द

९ सुरेन्द्र थिङ, सन् २००५, **एक जुनी अक्षर**, कालेबुङ,  उपमा प्रकाशन, पृ २९

१० मनप्रसाद सुब्बा, सन् २००५, **अक्षर अर्केष्ट्रा**, नाम्ची, सिक्किम, निर्माण प्रकाशन, पृ ५४–५५

तल
छु
म ![११]

केही कविताहरू सोझै गद्य शैलीमा लामा लामा वाक्यमा लेखिएका छन्। मनप्रसाद सुब्बाका शिवलिङ्ग अनि बगरका ढुङ्गाहरू, सुधीर छेत्रीका गएपछि आदि कविताहरू सोझो गद्य संरचनामा लेखिएका कविताहरू हुन्। भूपेन्द्र सुब्बाका हाम्रा दिनहरू राजकुमार नहुनु? र धरती ग मा पनि यस्ता प्रयोग पाइन्छ। सोझो गद्य रूप तर अन्तरमा कविताको गहिरो लय र ध्वनि साथै सोझो र सपाट कथनमा अनुभूतिको बलशाली ऐँठनलाई प्रस्तुत गर्ने कथन समकालीन कविताको विशेष विशेषता छ। एउटा उदाहरण सुधीर छेत्रीको 'गएपछि' कवितामा हेर्न सकिन्छ–

सृष्टिका सबै पीडालाई घोटेर बनाइएको एउटा नुनिलो गीत मेरा शुष्क
ओठबाट खसेर समयको घाउमा तप्प झर्न अघि नै आफ्नो घर चिनेर
फर्किदेऊ अनि आफ्नै पाइतालाले टेकेका डोबहरू मेटिनभन्दा अघि नै
त्यसका आफ्ना पहिचानहरू ओछयाइदेऊ, हे मौलिकता![१२]

### ख. दुर्बोध्य दुरूह कथन र शब्दका अतिप्रयोगबाट उन्मुक्ति

समकालीनता वास्तवमा जम्मै थरी अतिवाद र अतिप्रयोगबाट मुक्तिका रूपमा पनि देखापरेको छ। आधुनिकतावादी लेखनमा प्रशस्त मात्रामा देशी विदेशी मिथक साथै बिम्ब प्रतीकहरूको अपच भिड र अतिप्रयोग भएकाले कविताको सम्प्रेषणमा बाधा पुगेको अनुभव हुन्छ तर समकालीन लेखनले बिम्ब प्रतीकहरूको उत्पादन मात्र कविता होइन न त मिथकहरूको अतिरिक्त सङ्ग्रह नै भन्ने मान्यता राख्छ, यस कारण समकालीन नेपाली कवितामा मिथक, बिम्ब, प्रतीक आदिको प्रयोग पातलो हुँदै गरेको देखिन्छ। यसरी अबका लेखनका आस्वादनमा त्यस्ता अतिरिक्त दुरूह र दुर्बोध्य शब्द, मिथक, बिम्बादिको अर्थ, प्रसङ्ग र औचित्य केलाइरहने झिँजो पाठकलाई छैन। पाठकहरू सोझै रसलाभको प्रक्रियामा सामेल हुन सक्छन् । यो पनि समकालीन कविताको कथन कौशलको धरातलीय स्वभाव हो। आजका कविताहरू अलङ्कारका अतिरिक्त शृङ्गारबाट मुक्त, सफा, सुग्घर, ताजा र आकर्षक बनेको देखिन्छ। यिनमा तात्क्षणिक संवादको गुण पाइन्छ। घनश्याम नेपालको भनाइअनुसार 'प्रयोगकालीन

११ वासुदेव पुलामी, सन् २०१२, **उज्यालाका आँखा**, कालेबुङ, उपमा प्रकाशन, पृ ३३
१२ सुधीर छेत्री, सन् २०१४, **फेरि अर्को अनुष्टुप**, कालेबुङ, उपमा प्रकाशन, पृ ८१

नेपाली कविताले दुरूहता–दुर्बोधताको बाटो समातेको थियो भने पछिल्लो अवधिको लेखन शैलीले सरलता र सहजबोध्यताको बाटो समातेको देखिन्छ।'[१३]

समकालीन कवितामा बिम्ब, प्रतीक, अलङ्कार, मिथक आदिको प्रयोग भाषालाई बोझिलो र अप्ठ्यारो बनाउनकै निम्ति भएका छैनन् बरु अचिना र विदेशी मिथकहरूको प्रयोग निकै नै पातलिँदै गएर भाषाको मौलिक स्वस्थ काया देखिन लागेको छ जुन समकालीन सौन्दर्य विन्यास हो भन्न सकिन्छ। चिरपरिचित, प्रासङ्गिक, देशी, विदेशी मिथक र एतिहासिक प्रसङ्गहरूको प्रयोग पनि प्रयोगकै निम्ति मात्र नभएर भाषालाई शक्ति दिनका निम्ति भएका छन्, जस्तै भविलाल लामिछाने लेख्छन्–

ठुटो औँला लिएर एकलव्य अझै पनि जिउँदो छ
औ, उभिएकै छन् द्रोणाचार्य हात फैलाएर।[१४]

जय क्याक्टस लेख्छन्–
दमनको फलामे जुत्ताको परेड
हिटलरको गाँउबाट प्रतिध्वनित छ अझै
गान्धीको लट्ठी र खडाउको शहरमा पनि....[१५]

उदय थुलुङ लेख्छन्–
तरूणी हो, किन बोक्छौ काँधमा यसरी
बत्तीमा मर्ने पुतलीको लाशलाई
यो प्राचीन भ्रमलाई, यो निर्रथक आवेगलाई,
सधैँभर....[१६]

विनोद रसाइली पनि मिथक, बिम्ब र प्रतीकहरूलाई सजिलो पाराले गुँथेर सहज काव्य भाषा मात्र बनाउँछन्–

एउटा सिङ्गो रामायणको नाभी गह्वाउने

---

१३. घनश्याम नेपाल, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, पूर्ववत्, पृ २२६
१४. मोहन ठकुरी (सम्पा), सन् २००५, **स्वातन्त्र्योत्तर नेपाली कविता**, दिल्ली, न्यासनल बुक ट्रस्ट, पृ १०५,
१५. पूर्ववत् , पृ ५९
१६. पूर्ववत् , पृ १९

कस्तूरी मृगहरू सुनको जलप ओढेर फेरि त्यहीं घुऱ्यान
आँगन र कोठेबारीहरूमा चरिरहेछ छपछपती....[१७]

### ग. लोकमुखी कथन सौन्दर्यको आग्रह

समकालीन कविताको स्वभाव लोकमुखी छ। आफ्ना लोकमूल्यतिर केन्द्रित हुनु र यी लोकमूल्यहरूलाई वैश्विक धारासँग जोड्नु समकालीन कविताको प्रवृत्ति हो। यसका निम्ति यसले लोकप्रिय भाषाको चुनाउ गरेको छ। लोक मिथक, लोक बिम्ब, प्रतीक आदिको प्रयोग समकालीन कविताको शक्ति बनेको देखिन्छ। स्थानिक इतिहास, भूगोल, राजनीति, संस्कृति, चिन्तन, दर्शन र जीवन शैली आदिलाई सहज र स्वाभाविक प्रकारले अभिव्यक्त गर्न सक्ने भाषाको खोज समकालीन कविताको छ। यस कारण लोकलय, लोक रस, लोक धुन, लोक मिजास, बान्की र स्वभाव आदिले भिजेका भाषिक र भाषाइतर एकाइहरूका प्रयोगको बाहुल्य पाइन्छ। यसले समकालीन कवितालाई जिउँदो जाग्दो र मौलिक स्वरूप दिएको छ। लोकमिथकहरूको सुन्दर प्रयोग राजेन्द्र भण्डारीको 'नजरबन्द पहाड र बिमार सुनाखरी' र मनप्रसाद सुब्बाको 'मेरी किराँती आमा' कवितामा क्रमशः यस्तो पाइन्छ–

नरो है नानी वनझाँक्रीले लैजाला
कोक्रामा अल्झेका अल्झ्यै छन् दन्त्यकथाहरू अचेल किन हो टिप्दैन वनझाँक्रीले कसैलाई पनि
सिकाउँदैन टुनामुना। बनाउँदैन जानापा, फेदाङमाहरू...[१८]

मनप्रसाद सुब्बा पनि लेख्छन्–
मनुवा दहको सफा तरल ऐनामा
सृष्टिको सौन्दर्य देख्नसक्ने संवेदनाको औतार
सुम्निमाको सन्तान अनि पशुत्व र मान्छेत्वको अनन्त द्वन्द्वलाई
सेकमुरी फुल र ओङदोङ फुलको कलसहरूमा जोखना हेर्दै
चुपचाप
सुर्ताले सुकिरहेकी तिगेनजोङ्नाकी नातिनी

---

१७ बिनोद रसाइली, सन् २०१४, **आगोको ठिही**, खरसाङ, साईकृत प्रकाशन, पृ ६२–६४

१८ मनप्रसाद सुब्बा, **शब्दहरूको पुनर्वास**, पूर्ववत्, पृ ६

मेरी आमा...[१९]

लोक लयलाई प्रस्तुति दिने विशेष किसिमको बान्कीले समकालीन कवितामा जीवन्त प्राण भरेको बुझिन्छ। ज्ञानेन्द्र सुब्बाको कवितामा यस्तो रूप हेर्न सकिन्छ–

तपाईँले माटाको गोलो धुपौरामा सुनपाती झोसेर गाउनुभएको गीतको दानो मैले बुझ्न सकिनँ
तर त्यो लामो र गहिरो सुरको तपाईँको ह्वाई
फुल्दै गरेका आँखीभौँहरू खुम्च्याएर डम्फु माथि माथि उचालेर जब गाउनुभो..
आम्मयले है आम्मयले आम्मयले ज्यान खाइलाला...[२०]

यस तामाङ ह्वाईमा शब्दसँगसँगै मिलेर बसेको मिठो लय पनि कविता भाषाको अंश हो। यसै लयमा बसेको छ संसारका अरू कुनै सङ्गीतसँग नमिल्ने अद्वितीय सौन्दर्यको रस। शब्दमा ज्यान भरिदिने लोक लयले भरिएको ज्ञानेन्द्र सुब्बाकै कविताको अर्को कथन यहाँ छ, अझ यसमा त श्रम र पसिनाको अन्तर्ताल पनि ध्वनित छ–

आरा काट्छ काका
मनको गीत काट्छ
ए..स..र...लै ...स...र
स...र...लै...स...र...[२१]

समकालीन नेपाली कवितामा उखान तुक्का लोकोक्तिहरूको प्रयोगले कविता कथनको नयाँ वाग्धारा बनेको छ। छेउको सियो माझमा आउँछ, घर साङ्लेले वनसाङ्लेलाई खेद्छ जस्ता लोक कथनको स्वाद समकालीन कवितामा छ। छोछो गरेर खानु, माङहरूसित बात गर्नु, तितेपातीको धुप लगाउनु, सुकेको खोर्सानी पोलेर शेषान्तर खेद्नु, युमा पुज्नु, साँझमा सुसेली नपार्नु, मुन्धुम गाउनु, विविध लौकिक संस्कारहरूको पालन गर्नु, लोक विश्वास, लोक रीत आदिले बुनेको नेपाली लोक जीवन शैली मिठो

१९ मनप्रसाद सुब्बा, सन् २०१८, **भुइँफुट्टा शब्दहरू**, काठमाडौँ, साङ्ग्रिला प्रकाशन, पृ ५०
२० ज्ञानेन्द्र सुब्बा, सन् २०१८, **दाहिने बाटो**, कालेबुङ, उपमा प्रकाशन, पृ ४२
२१ पूर्ववत्

पाराले कवितामा जोडिएका छन्। कवितामा लेप्नुहाङ, तागेरानिङ्वाफुवाङ, पारुहाङ, सुम्निमा आदि परमेस्सोर–लाई र येवा, साम्बा, बिजुवा फेदाङ्मा, धामी झाँक्री आदि लोकगुरुहरू भाकिएका छन्। समकालीन काव्यमा बिकुमा, चिम्फिङ, खानाक्पा, चिरेतो, हरचूर, अबिजाल आदि लोक ओखतीका चर्चा गरिन्छ। जाँड, निगार र तीनपानेको झोल पिउने कुरा छ। मुन्धुम र परेवा साम्लोको भाका छ। कवितामा लोक बान्की, लोकमिजास र लोकव्यवहारको मिहिन विन्यास छ। लोकलाई व्यापक रूपमा आत्मसात गरेकाले समकालीन नेपाली कविता धेरै आत्मीय र चिह्नारू मानिसजस्तो फर्साइलो लाग्छ। यसकारण यी कविताहरू पढ्दा लोक सौन्दर्यका अनेक मसिना पाटाहरूलाई पनि साथ साथै आत्मसात् गर्दै लानु पर्ने हुन्छ। मनप्रसाद सुब्बा, भूपेन्द्र सुब्बा, ज्ञानेन्द्र सुब्बाका कवितामा अधिक मात्रामा लिम्बु संस्कारका अनेक रूपहरू देख्न पाइन्छ। येवा, साम्बा आदिले मुन्धुम अनुष्ठान गर्दा र फेदाङ्माहरू चिन्ता बस्दा गरिने विधि विधान, अनेक संस्कारहरूको प्रस्तुति गरिँदाको अभिव्यक्तिमा केवल शब्दहरू मात्र माध्यम हुँदैनन् तर उनीहरूको शारिरीक प्रचेष्टा, अवस्था, परिवेश, लय, ताल, यति, गति, छन्द आदि पनि कथनकै आयाम हुन्। येवा, साम्बाहरूको मूर्च्छना, उन्माद, उत्तेजना (कम्पन, पारो जानु, बेहोस हुनु), ढोल ढ्याङ्ग्रो, झर्के थाल, झ्याम्टा झ्याली आदिको गर्जन, झर्को फर्को आदिले पनि कथनको सम्प्रेषणलाई नै ताकत दिइरहेको हुन्छ। समकालीन पठनमा यस्ता भाषाइतर ध्वनिहरूको विचलनलाई आत्मसात गर्न सक्नु बढी अपेक्षित छ। यस्तै अरू अनेक लोक मूल्यका अन्तर्ध्वनिहरूको पठनले समकालीन नेपाली कविताको सम्प्रेषणको आयाम गहिरो साथै विस्तारित छ।

### घ. ओजपूर्ण र मुखर भाषा प्रयोग

ओजपूर्ण र मुखर भाषा प्रयोगमा समकालीन कविताको एउटा प्रभावकारी सौन्दर्य छ। समकालीन कविताका भाषामा अतिभावुकताको चर्बी घटेको पाइन्छ। नैराश्य, वेदना र उदासीको गन्थने शैली छैन। रोमान्टिक नैतिकता र औपचारिक शालीनताले थिलथिलो भएको कमलो भाषाले समकालीन कथ्यका जटिलतालाई प्रस्तुत गर्नु पर्याप्त छैन। समकालीन लेखन हरेक प्रकारका अतिवादका प्रतिपक्षमा खडा हुन्छ र सधैँ अन्तर्कियाको तत्परतामा हुन्छ। यसकारण सोझो, ठाडो, खस्रो, सोड्कयाउने, संवादपरक भाषाका माध्यमबाट कविता तत्त्वको चुरो समाउने कला आजका कवितामा पाइन्छ। आजका कविताको भाषा निकै तार्किक र अन्तर्क्रियात्मक छ। विकास गोतामेको 'मेरो छोरासित' कवितामा पाइने जियालो कथन यस्तो छ–

स्वतन्त्रताको उन्तीस वर्षपछि जन्मेर/तैँले यसो भन्न शोभा दिँदैन मेरा छोरा
कि मैले खुन खराबी किन गरिनँ!

मैले पनि ऋण काढ्नु परेको थियो धोतीका लागि
मैले पनि सङ्घर्ष गर्नु परेको थियो दुई जुन रोटीका लागि
अशोकको शान्तिमय राजत्वकालमा जन्मेर/हर्षवर्धनको समयमा बढेका यी हातले/तब
कसरी खुन खराबी गर्न सक्दथे![२२]

समकालीन कवितामा कविहरूले साधना गरेको एउटा मूल गुण पनि ओज नै हो। समकालीनता प्रत्येक प्रकारका हैकम र सत्ताका प्रतिपक्षमा उभिने चेतना भएका कारणले यसमा प्रतिवादको स्वर तिखो छ र विरोधको उत्साह चुलिएको छ। समकालीनतामा के? किन? कसरी? कस्ता? भन्ने प्रश्न र जिज्ञासाहरू अधिक भएकाले कविताको आचरण नै शङ्कालु छ। यो कुनै केन्द्रमा केन्द्रित र रुढ हुनमा होइन तर गतिमा विश्वास राख्ने चेतना भएकाले आफ्ना गतिशील प्रवृत्तिद्वारा यसले प्रशस्त ऊर्जा उत्पादन गर्छ।

आधुनिक कालका निकै तिक्खर शैली लेख्ने कवि विजय मल्लका कवितामा निकै सपाट धार देखिएको छ। उनी सुरुदेखि नै भाषा प्रयोगमा निकै पारदर्शी र सुबोध्य हुने रुचि राख्थे। 'त्यसका आँखालाई त्रिशूलले रोपिदिनु' र 'घुस्साले हानेर त्यसको मिती पुऱ्याउनु' जस्ता तिक्खर भाषाको प्रयोग हेर्दा आधुनिक कालको यसै बेलातिर नेपाली कविताको भाषाले नयाँ चोला फेर्ने सङ्केत दिइरहेको बुझिन्छ। अधर्मका विरोधमा लड्नैका निम्ति आह्वान गरिएको विकास गोतामेको वीरबहादुरको कविता कथनलाई पनि लोकले आफ्नो मन प्राणमा बसाएका हुन्। अब समकालीन काव्यभाषा यस कालको नुनिलो चेतनाले विकास गरेको वाग्धारा हो। समकालीन कवितामा वर्तमान बोध अथवा तत्क्षण तथा तात्क्षणिकता बोध बढी गम्भीर छ। कवितामा विगत र भविष्यलाई समेत वर्तमानमा नै केन्द्रित गरेर समयको अखण्ड विस्तारित स्वरूप बनाइएको छ। यस कारण त्यो हुरी भएर आउनेछ जस्तो बिम्ब र प्रतीकपूर्ण भाषामा रिमालले भविष्यको सुमधुर परिकल्पना गर्नु आधुनिक परिपाटी थियो भने भूपेन्द्र सुब्बा वर्तमानको धुरीबाट सर्वकाललाई सपाट र तिक्खर सम्बोधन गर्छन् र समकालिक धार निर्माण गर्छन्। उनको कविताका पङ्क्ति यस्तो छ–

म उफ्रँदैछु, अब कराउँदै छु
रातो हुँदैछु नि म ए रातो हुँदैछु
पारोहाङको तीरजस्तो तीखो आवाजको प्राण,
मेरो थुतुनोमा हुर्कँदैछ,

२२ मोहन ठकुरी, **स्वातन्त्र्योत्तर नेपाली कविता**, पूर्ववत् , पृ १६९

याद राख्नू
के नै पो गर्छस् र तैँले
के नै पो नाप्छस् र तैँले
आगो लगा कि डढेलो सल्का
तर भुँइमुनिको जराबाट तेरो रावण कथा भन्न
म पटक पटक उम्रिरहने छु...[२३]
(बजिया आँखाहरू)

आगोको फुल, आगोको नदी, फुलको आगो, फूलको आतङ्क आदि आधुनिक कवितामा रचिएका भाषा हुन्। आगाको हूँ म बहँदो नदी कवि वीरेन्द्रको भावप्रवण र ओजस्वी कथनको सुन्दर नमुना हो तर आज भूपेन्द्र सुब्बाको काव्य कथनले अलिक फरक शैलीमा कुरा राख्छ अथवा सोझो प्रस्तुतिमा विश्वास राख्दै आफै आगो अथवा राँको बनेर अन्धकारको अनुहार झोस्दै हिँड्नु–मा सम्प्रेषणको परिपक्कता भेट्छ र अझ बरू बाटा घाटाका संवादहरू पनि हावाले झैँ टिप्दै ल्याउने अभिरुचि राख्छ। भूपेन्द्र सुब्बाको 'म रातो हुँदैछु' कविता यस्तो छ–

वर्तमानको कालो छायाभित्र म मेरै भूतको सोगा भएर डुल्दैछु
म उफ्रँदैछु, म कराउँदै छु
ए म आगो हुर्हुर बल्दैछु
ए नि! म रातो रातो रातो हुँदैछु है रातो!!![२४]

रेमिका थापाको 'रिस' शीर्षक कवितामा पनि अनुभूतिको गम्भीरतालाई सोझो शब्दमा टिपिएको छ–

एउटा रातो बेला
म राँकिएर रातो बनेको बेला
म अँगारमा डढेर शृङ्गार बनेको बेला! ...[२५]

---

२३ भूपेन्द्र सुब्बा, सन् २०१४, **बजिया आँखहरू**, कालेबुङ, मानवी प्रकाशन, पृ ८१
२४ भूपेन्द्र सुब्बा, **बजिया आँखाहरू**, पूर्ववत् पृ ८०
२५ रेमिका थापा, सन् २०२१, **महाकाल सिसिफस**, कालेबुङ, उपमा प्रकाशन, पृ २५

'त्यसको कम्मरमा झुन्डिएको कुनै शितजस्तो टल्कने हतियार' रिमालको समयको विद्रोह गर्ने शीतल काव्य भाषा थियो तर आजका कवितामा सोझै खुकुरीको अचूक निसाना मनप्रसाद सुब्बाको 'मेरो हिज आज भोलि' कवितामा साधिएको छ–

आखिर मालश्री पढेर निस्केको छु
हान्छु गर्दनमा।[२६]

समकालीन कथ्यका जटिलताहरूको अभिव्यक्ति लयालु, मायालु, कोमल, स्थूल भाषाद्वारा सम्भव छैन बरु यस्ता कथनले सम्प्रेषणमा बाधा पऱ्याउँछ। आजका कविताका भाषामा समकालीन अनुभूतिको तीव्रता, अनुभवको इमान्दारी र चेतनाको स्वाभाविकता पाइन्छ। अनुभूति, अनुभव र चेतना जति तीव्र हुन्छ अभिव्यक्ति त्यति नै तिक्खर, भेदक र मुखर हुनु अपेक्षित छ भन्ने समकालीन सौन्दर्य चेतनाले यो प्रेरित देखिन्छ। यसका साथै कथकको मनोविज्ञान, जातीय संस्कार, भौगोलिक र ऐतिहासिक पृष्ठभूमि आदिले पनि यस्ता कथनलाई आधार दिएको हुन्छ। यस आधारले पढ्दा नै यस्ता ऊर्जाशील ओजस्वी कथनको औचित्य सिद्ध हुन्छ नत्र भने यसलाई संसारले हिसा र कोरा कुन्ठा मात्र मान्न सक्ने जोखिम पनि देखिन्छ।

**ङ. कुरूप सौन्दर्यबोधको भाषा**

समकालीन कवितामा आधुनिकताले अश्लील, भद्दा, कुरूप भनेर वर्जित गरेका शब्दहरूको प्रयोग पनि खुबै स्वाभाविक प्रकारले भइरहेका छन्। साला गट्ठे, साला हरामी, बजिया, हिजडा जस्ता अभद्र मानिएका जनजिब्राका शब्दहरूले कवितामा ठाउँ पाइरहेका छन्। कथ्यमा भएका जोखिम र सङ्घर्षले यस्ता कथनलाई औचित्यपूर्ण बनाएको छ। विसङ्गति र विद्रुपतालाई लेख्नाका निम्ति आज कवितामा स्थानिक बिम्ब योजना गरिएको पाइन्छ। मनप्रसाद सुब्बाको कवितामा समकालीन समयले उत्पादन गरेको सबैभन्दा भद्दा र त्रासद व्यङ्ग्य भरिएको कथन यस्तो छ–

तर अब थेतरी भइसकेकी पहाडकी रानी भनिने सहर
चिथ्रा फाटेको नाइटी निकै माथि सुर्काएर
भिक्टोरिया फल नाम ट्याटु गरिएको आफ्नो योनीबाट
धमिलो पानी झारेको झारेकै छ –

२६ मनप्रसाद सुब्बा र रेमिका थापा, सन् २००८, **किनाराका आवाजहरू** , दार्जिलिङ, श्याम प्रकाशन, पृ ५६

छ
ल
ल
ल
.
.[२७]

स्वसङ्घर्षको सौन्दर्य समकालीन कविताले साधना गरेको एउटा विशेष खोज हो। तराई तथा मधेस इलाकातिर जीवन सङ्घर्षमा हरदम जुझिरहेका आदिवासी महिलाहरूको सौन्दर्यलाई व्याख्या गर्ने आदर्शवादी रोमान्टिक भाषा निश्चय अपुग छ, यसैले समकालीन कवितालाई भाषाको अर्को आयाम सृष्टि गर्न आवश्यक छ। रेमिका थापाको 'कृष्णचुडा' कवितामा देखिएको फुलको एउटा रूप यस्तो छ–

उत्तापको सौन्दर्य हेर्नु
घामको मौसममा
फुलको तेज फुलेको छ कि जुझेको छ
मधेसतिर हेर्नु रगतै फुल्छ रातो कृष्णचुडा
सौन्दर्यमा साहस भए झनै राम्रो
रूपको निक्खुर निक्खुर रङ फक्रेको हेर्नु,
मधेसतिर धरतीका ती अनाम फुलहरू जुझेको हेर्नु![२८]

करपोरेट जगतमा मनोरञ्जनकर्मीहरूबारे लेखिने सौन्दर्यको भाषा कस्तो हुनुपर्ने हो सो समकालीन कथनका अघि चुनौतीपूर्ण प्रश्न हो। खेललाई खेलकै भाषामा, व्यवसायलाई व्यवसायकै भाषामा आगाले आगो मार्ने र हिराले हिरा काट्ने भनेजस्तो गरी मुखर भाषाको प्रयोग पवित्रा लामाको 'चियर लिडर' कविता कवितामा हेर्नुपर्ने परिपाटी छ। यस कथनमा चियर लिडरको शारीरिक प्रचेष्टाका भाषामा उसको आत्माको पीडा सम्प्रेषण गर्न सक्नु समकालीन सौन्दर्य हो–

कि ब्याटभन्दा बढी मेरा खुल्ला तिघ्रा ताक्ने

२७ मनप्रसाद सुब्बा, सन् २०१३, **भूईंफुट्टा शब्दहरू**, काठमाडौं, साङ्ग्रिला प्रकाशन, पृ ३७–३९
२८ मोहन ठकुरी, **स्वातन्त्र्योतर नेपाली कविता**, पूर्ववत्, पृ १५९

तिम्रा भोका आँखाहरूले मनग्गे हेरोस
मेरो टम्बल, मेरो स्टन्ट, मेरो फ्लर्ट
नाम मात्रको मेरो पारदर्शी स्कर्ट
अनवरत सिटी र ताली बजाओस्
अनि आधा रातमा स्टेडियमको ग्यालेरीबाट
निस्कँदै गरेको जनसमुद्रले
तिम्रो कर्पोरेट खेललाई फुरुक्क पारोस्
अनि हुरुक्क भई भनिदेओस्
पैसा असुल....[२९]

### च. अपव्यय अतिरञ्जना र अतिव्याख्याबाट मुक्ति

अपव्यय अतिरञ्जना र अतिव्याख्याबाट मुक्ति समकालीन कविताको अभिव्यक्ति क्षमताको अर्को रूप हो। आजका कवितामा शब्दहरूको अपव्यय वर्जित मानिएको छ। थोरैमा धेरै भन्न सक्ने कौशलको विकास समकालीन कविताको एउटा उपलब्धि हो। अतिव्याख्या, अतिरञ्जना, अतिआक्रोश र अतिप्रयोग आदि अपरिपक्व लेखनको परिचायक मानिएको छ र यस्ता लेघ्रो तन्काउने चेपारे कथनबाट नेपाली कविता बिस्तारै मुक्त भइरहेको देखिन्छ।  समकालीन कविता भाषा प्रयोगमा निकै संयमित र मितव्ययी छ। पगिता शब्दहरूको पर्खाल बनाउँदैमा कविता बन्ने होइन। मूर्त माध्यमका अन्तरमा बसाइएको अमूर्त नाद र ध्वनिले कविता बन्ने हो। यस कारण सरल र सहज कथनको अन्तर्लयमा कवित्व स्थापित गर्ने कौशलमा आज निकै निखार आएको देखिन्छ। समकालीनताले पाठककेन्द्री लेखनलाई प्रोत्साहन दिन्छ। कवितामा पाठकहरूको सहभागितालाई प्राथमिकता दिने भएकाले पाठकलाई चाहिने ठाउँ सुरक्षित राखिएको हुन्छ। पाठकहरूबाट यसले पठनका विविध आविष्कारको अपेक्षा पनि गर्छ। मनप्रसाद सुब्बाको भनाइअनुसार 'पाठकहरू आफूले पढ्दै गरेको पाठसित सक्रिय सहभागी बन्न सक्नुपर्छ। पाठभित्र कति स्पेसहरू, ग्यापहरू हुन्छन् जसभित्र पसेर एक सचेत पाठकले धेरै के केहरू आविष्कार गर्छ।'[३०] ती आविष्कारहरू समकालीन पाठको अन्तिम र निर्दिष्ट रूप केही छैन भने अभिव्यक्तिको परिपक्वताको खोज पनि निरन्तर छ। कवितामा पाठकहरूलाई सोझै सम्बोधन गरिएका र पठनका विकल्पहरू प्रस्तुत गरिएका पनि छन्। राजेन्द्र भण्डारीको 'सुख दुख प्रेम घृणा इत्यादि...' नामक कविता यस्तो छ–

२९ पवित्रा लामा, सन् २०१८, **म देह रातो रङ्गिन्छु**, सिलगडी, सम्बोधन पब्लिकेसन, पृ २०

३० मनप्रसाद सुब्बा र रेमिका थापा, **किनाराका आवाजहरू**, पूर्ववत् , पृ ८

सही दिशातिर सही पाइला टेक्नु हो बाँच्नु
प्रिय पाठक, यहाँनेर माथिको तेस्रो र चौथो हरफ दोहोराउनुहोला
यस कवितालाई लम्याउन चाहनुहुन्छ भने जोड्दै लानुहोस्
सुख दुख प्रेम घृणा इत्यादि...[३१]

समकालीन कविता बन्द समाप्तिमा होइन तर खुल्ला समाप्तिमा टुङ्गिन्छ। पाठकहरूले यसका अनेक विकल्पहरू खोज्न सक्छन्। यसकारण समकालीन कथन गणतान्त्रिक आचरण भएको सौन्दर्य चेतना हो। समकालीन लेखनमा अनुभूतिको तीव्रता प्रखर छ। कविता सम्प्रेषणका निम्ति भाषाको शक्ति पनि अपुग छ। सहृदयी भने अनुभूतिको त्यस इलाकामा पुगेका हुन्छन् जहाँ भाषा पुग्न सक्दैन यसैर कवि भण्डारी भन्छन्– 'भाषाको न्यूनत्तम उपस्थितिमा कविता उदात्त बन्दै जान्छ।'[३२] यसरी कविता सम्प्रेषणमा, विरेचनमा र रससिद्धिमा भाषातीत अमूर्त सौन्दर्यको चिन्तन पनि समकालीनताको उपलब्धि हो। समकालीन कथनमा शब्द र अन्य भाषिक चिह्नहरूको प्रयोग जीवन्त लय, गति, ध्वनि, सङ्गीत, चित्र आदि भाषिक र भाषातीत व्यञ्जना सृजना गर्ने शक्तिका निम्ति गरिएको छ। मनप्रसाद सुब्बा शब्दहरू सजाएर ब्ल्याकहोल, टिभी टावर, भिक्टोरिया फल्स, रुख, पर्खाल आदिका चित्र निर्माण गर्छन् अनि सुधीर छेत्री पोस्टरबारे कविता लेख्दा पोस्टरकै आकार प्रकार बनाउँछन्। यसरी समकालीन नेपाली कविता पढ्न, सुन्न साथै हेर्न पनि सकिने सौन्दर्य बनेको छ। कवितालाई पर्फमेन्स भन्न सकिने आधार कविताको यही कथन विशेषता हो। स्ल्याम कविता, एक्सन कविता, पर्फमेन्स कविता, धमारी आदि कविताका स्वरूप विवेचनामा समकालीन कथनको विचित्र पर्फमेन्स नै बुनियादी रूपमा विवेच्य छ भन्न सकिन्छ तर कवितामा पर्फमेन्स भन्नाले आधारभूत रूपमा शब्दहरूको पर्फमेन्स नै हो त्यसपछि मात्रै अन्य बाह्य प्रचेष्टाहरूको प्रयोगबारे विवेचना गर्न सकिन्छ।

समकालीन कथनमा पेस्टिसको प्रयोग पनि उल्लेख गर्नु पर्ने विषय छ। आफ्ना अग्रज र समकालिक कवि लेखकका वाणी अथवा औचित्यपूर्ण प्रसिद्ध उक्तिहरू अनि अन्य भाषिक अंश आदि जोडेर पनि कविता भनिएका छन्। मनप्रसाद सुब्बाका कविताहरूमा गीताका वाणी र देशी विदेशी कविहरूका कविताका अंशहरू जोडिएका छन्। सुधीर छेत्रीको 'मोहब्बत गल्ली र मार्क्स' अनि अन्य कविता साथै भूपेन्द्र सुब्बाका शक्तिशाली कविता 'हाम्रा दिनहरू राजकुमार नहुनु'–मा भारत स्वाधीनताको अवसरमा जवाहरलाल नेहरुले १५ अगस्त १९४७ का दिन राष्ट्रलाई गरेका ऐतिहासिक सम्बोधनको केही अंश राखिएका छन्। यस्ता पेस्टिसका प्रयोगले कवितालाई आफ्ना अघि पछिका सन्दर्भसँग जोडेको हुन्छ र

३१ मनप्रसाद सुब्बा, **शब्दहरूको पुनर्वास**, पूर्ववत्, पृ १२३
३२ पूर्ववत्, पृ क

अतिकथनको आवश्यकता न्यून हुन्छ भने यसले कहिल्यै पूर्ण नहुने काव्य कथनको अपूर्णतालाई पनि सङ्केत गर्छ।

आज लेखिँदै गरेका नेपाली कवितामा उल्लिखित विशेषताहरू कम बेस मात्रामा पाइन्छ। एउटै कवितामा यी जम्मै गुण नहुन पनि सक्छन्, आजका पाठकहरूको ग्रहण क्षमताले स्वाभाविक र सहज रूपमा खुट्याउन सक्ने कुरा हुन्।

**२. उपसंहार**

क. समकालीन नेपाली कवितामा समकालीन चेतनालाई प्रस्तुत गर्ने इमान्दार आग्रह छ।

ख. समकालीन कविताले अभिव्यक्तिको लोकप्रिय कथनलाई चुनेको छ। प्रचलित भाषाको तहमा कवितालाई स्थापित गर्ने सहज, सरल र अनौपचारिक कलाको सन्धान पाइन्छ। सजिलोमा गाह्रो कुरा भन्नु, थोरैमा धेरै भन्नु र झर्रो विनम्रताको आग्रह समकालीन कविता कथनको विशेषता हो।

ग. समकालीन कथन उदार, गणतान्त्रिक र समावेशी आचरणको छ।

घ. समकालीन कविता अभिव्यक्तिको अतिरञ्जना, अतिव्याख्या र अतिप्रयोगबाट मुक्त देखिन्छ। सरल सहज र स्वाभाविक पारामा सम्प्रेषणीय कथनको आग्रह पाइन्छ।

ङ. लोकतत्त्वलाई व्यापक रूपमा समावेश गरिएको हुनाले समकालीन कविताको कथन धरतीसँग जोडिएको छ।

च. अनुभूतिलाई सार्थकतासँग प्रस्तुत गर्नाका निम्ति कथनमा लोक भाषिक एकाइहरूको प्रयोग लय, गति, ध्वनि, सङ्गीत, चित्र आदि भाषिक र भाषातीत व्यञ्जना सृजना गर्ने शक्तिका निम्ति गरिएका छन्।

छ. समकालीन कविताका कथनले समकालीन नेपाली कवितालाई सौन्दर्यको नयाँ आयाम दिएको छ।

•